# पीसविन बार्षिक प्रतिवेदन-२०२२




पीसविन केन्द्रीय कार्यालय

मार्तडी बाजुरा

# वार्षिक प्रतिवेदन २०२२ का सम्बन्धमा


## अध्यक्षको मन्तव्य

पीसविन (PeaceWin) २०४७ असोज १० गते समुदायमा आधारित समूहको रुपमा स्थापना भई २०४९ साल पौष ५ गते जिल्ला प्रशासन कार्यालय, बाजुरामा दर्ता भई बालबालिका, महिला र युवा समुदायसँग शुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरुमा सहकार्य गर्दै आईरहेको छ । तीन दशकको जीवनमा नेपाली समाजमा विकास भैरहेका विभिन्न विकास आयामहरुको अनुभव प्राप्त गरिरहेको छ । नियमित कार्यहरुका साथै अप्रत्याशित आउने प्राकृतिक आपत्ति विरुद्धको अभियानले नयाँ कार्यअनुभव प्रदान गरेको छ । सामाजिक, आर्थिक, साँस्कृतिक रुपान्तरणमा आम हातेमालोको थप आवश्यकता महशुश भएको छ ।

भौतिक विकास आवश्यकतानुसार आकार, स्वरुप, गुणस्तर, प्रविधि, उपलब्ध स्रोत-साधन तथा सेवाग्राहीको भार बमोजिम परिस्कृत भैरहन्छन् । भौतिक विकासका उपलब्धीलाई मानवीय विकासको सूचकले प्रभावकारी बनाउँछ । मानव-मानव बीच हुने लैंगिक, जातीय, उमेर, वर्गीय आदि भेदभाव उन्मुलन भै सामाजिक समानता पहिलो चुनौती रहँदै आएको छ । यद्यपी यसका पक्षमा पनि कतिपय सकारात्मक रुपान्तरण भैरहेकाछन् । यसका लागि आन्तरिक तथा वाह्य स्रोत परिचालन, स्थानीय मावस्रोत विकास र सोको सक्षमतापूर्वक परिचालन कार्यप्रकृतिका आधार रहेकाछन् । यसै सन्दर्भमा पीसविनको संस्थागत उत्तरदायित्व, जवाफदेहिता, सुशासनको एक प्रमुख पाटोको रुपमा यस वार्षिक प्रतिवेदनले पनि काम सहज गरिरहेको हामीले ठहर गरेका छौं । यसै श्रृंखलाको निरन्तरता सन् २०२२ को संस्थागत वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ ।

वार्षिक प्रतिवेदन प्रकाशन गरी सरोकारवलाहरुमा पुऱ्याएर सुशासित संस्थाको जवाफदेहिता पूरा गर्नु हाम्रो कर्तव्य हो । सन् २०२२ को वार्षिक प्रतिवेदन यसैको नियमित अंग हो । यो प्रतिवेदन पीसविनका कार्यक्रमगत विषयक्षेत्र (Thematic Area of Work) का आधारमा तयार पारिएको छ । विगतका वर्षहरु जस्तै सन् २०२२ मा पीसविनलाई आर्थिक, भौतिक, मानवीय सहयोग र सहकार्य, सांझेदारी गर्नुहुने स्थानीय सरकार, सरकारी कार्यालयहरु, सांझेदार संस्थाहरु, समुदायका समूह र तिनका नेटवर्कहरु, राष्ट्रिय/अन्तराष्ट्रिय नेटवर्कहरु र शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछु । संस्था संचालन, कार्यक्रम संचालनमा खटेर योगदान गर्नुहुने पीसविन कार्यसमितिका सदस्यहरु, स्वयम्सेवकहरु, कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । पीसविनको स्रोत व्यवस्थापन, संस्थागत विकास, कार्यक्रम संचालनमा सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु । यो प्रतिवेदन तयार गर्ने पीसविनको टिमलाई पनि धन्यवाद व्यक्त गर्दछु ।
धन्यवाद ।

जय अवसर, जय विकास ,



विमला थापा
अध्यक्ष

## विषय सूची

१. बाल विकास र शिक्षा (Child Development and Education) .................................... 3

२. महिला तथा युवा नेतृत्व (Women and Youth Leadership) .................................... 10

३. जीविकोपार्जन (Livelihood) .................................... 12

४. स्वास्थ्य, पोषण र सरसफाई (Health, Nutrition and Hygine) .................................... 13

५. सुशासन मानव अधिकार र लोकतन्त्र (Good Governance, Human Rights and & Democracy) .................................... 15

६. सामुदायिक पहुँच तथा भौतिक पुर्वाधार विकास .................................... 16

७. जलवायु अनुकुलन र वातावरण व्यवस्थापन (Climate Adaptation and Environment Management) .................................... 18

८. संस्थागत सुदृढीकरण (Institutional Strengthening) .................................... 19

९.अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation) .................................... 20

सन् २०२२ को आम्दानी खर्च विवरण .................................... 21

सरोकारवालका भनाईहरु .................................... 22

## १. बाल विकास र शिक्षा (Child Development and Education)

### अभिभावकत्व, सचेतना तथा शिक्षकको क्षमता विकास

- ➢ अभिभावक शिक्षा तथा संचेतना : ५४८
- ➢ शिक्षक तालिम : २४९ शिक्षक
- ✓ ४३ जना शिक्षकहरुलाई आधारभुत कम्प्युटर सीप तालिम
- ✓ ४ जना शिक्षकलाई आधारभुत हार्डवेयर तालिम
- ✓ २२ जना शिक्षकहरुलाई सामाग्री निमार्ण तालिम
- ✓ ४४ जना शिक्षकहरुलाई एकिकृत पाठ्यक्रममा आधारित तालिम
- ✓ ७२ बाल विकास केन्दका शिक्षिकाहरुलाई क्षमता विकास तालिम
- ✓ प्रभावकारी प्रारम्भिक सिकाई तालिम ४८ जना



बाजुरा जिल्लाको शिक्षकलाई शिक्षामा प्रविधि तालिम फालासैन बाजुरामा संञ्चालन हुदै

बालबालिकाको विद्यालय नियमितता, स्वच्छता तथा उचित पोषणसँगै असल अभिभावकत्वका लागि ५४८ जना अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गरीएको थियो भने ६७ जना अभिभाककहरुले घरमा पढाइकुना निर्माण पनि गरेका थिए । शिक्षामा आधुनिक प्रविधिको प्रयोग मार्फत शिक्षणलाई प्रभावकारी बनाउन ४३ जना शिक्षकहरुलाई आधारभुत कम्प्युटर सीप तालिम दिइएको थियो साथै ४ जना शिक्षकहरुलाई आधारभूत हार्डवेयर तालिम प्रदान गरएको थिया । त्यसै गरी १६ जनालाई शिक्षामा प्रविधि तालिम प्रदान गरिएको थियो । शिक्षकहरुलाइ प्रदान गरिएको कम्प्युटर तालिम र शिक्षामा प्रविधि तालिम पछी शिक्षकहरुले कक्षाकोठामा स्मार्ट प्रविको प्रयोग गर्न लागिरहेका छन् । खप्तड छेडेदह गाउपालिका र बुढीगंगा नगरपालकाको ५ ओटा विद्यालयमा विद्यालयकै पहलमा स्माट बोर्ड खरि तथा समार्ट बोर्ड मार्फत शिक्षण सिकाई कार्य अगाडी बढाइरहेका छन् ।



प्रधानाध्यापकहरुलाई प्रारम्भिक बाल विकास कार्यक्रम सम्बन्धि २ दिने तालिम कैलाली

बाजुरामा प्रारम्भिक उमेर समुहका बालबालिकाहरुको लागि गरिने शिक्षण प्रभावकारी बनाउन २२ जना शिक्षकहरुलाई सामाग्री निमार्ण तालिम प्रदान गरिएको थियो । बुढीगगा नगरपालिकामा केहि शिक्षकहरुले तालिम पछी विद्यालयमा सामाग्रि तिर्माण गरी कक्षालाई आकर्षक र छापामय बनाउने कार्यको सुरुवात गरेका छन् । प्रारम्भिक उमेर समूहका



कैलालीमा विकास स्तर मापन र सुधारात्मक सिकाई सहयोग सम्बन्धि तालिम

वालवालिकाको समग्र विकास तथा सिकाईमा टेवा पुगाउने उद्देश्यका साथ कैलाली जिल्लाका ७२ जना बालविकास शिक्षकहरुलाई तालिम प्रदान गरिएको थियो । यसका साथै प्रारम्भिक कक्षामा सिकाई प्रभावकारी बनाउनको लागि एकिकृत पाठ्यक्रममा आधारित कक्षा १ का शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले ७ दिने तालिम सञ्चालन गरिएको थियो । कक्षा १ अध्यापन गर्ने कैलारी गाउँपालिका अर्न्तगतका ४४ जना शिक्षकहरुलाइ तालिम प्रदान गरी उनिहरको एकिकृत पाठ्यक्रम प्रतिको बुझाइलाइ मजबुत र उद्देश्य परक बनाउन सहयोग गरिएको थियो । कैलाली र बाजुरामा प्रारम्भिक बाल विकास केन्द्र र प्रारम्भिक सम्बन्धि ऐन,नियमावली तथा नीति प्रभावकारी कार्यन्वयनबारे शिक्षकहरु, जनप्रतिनिधि तथा शिक्षा शाखा प्रमुखहरुसँग छलफल तथा कार्यशालाहरु पनि सम्पन्न भएका थिए । बाजुरा जिल्लाको बुढीगंगा नगरपालिकाका १२ ओटा विद्यालयमा प्रारम्भिक उमेर समुका बालबालिकाहरुको सहभागितामा कथा वाचन प्रतियोगिताहरु गरीएको थिए यसले बालबालिकाहरुको वाचन र पठन सिपमा सहयोग पुगेको छ । मासिक रुपमा गरिने कथा बाचन विद्यालयहरुले नियमित रुपमा गरिरहेका छन् ।

**शैक्षिक छात्रवृत्ति तथा व्यवस्थापन सहयोग**

- छात्रवृत्ति सहयोग : १७१५ बालबालिका
- उच्च शिक्षाको लागि सहयोग : २०२ जना
- कक्षाकोठा व्यवस्थापन सहयोग : ८ वटा विद्यालय
- फर्निचर सहयोग : २ वटा विद्यालय
- शिक्षण सिकाई सामाग्री/ किट बक्स सहयोग : ८८ विद्यालय तथा बाल विकास केन्द्र



शैक्षिक सामाग्रि तथा विद्यालय पोशाक वितरण गरिदै सिगाडा मावि बाजुरा

बाजुरा जिल्लाका १७१५ जना बालबालिकाहरु विद्यालय नियमितताको लागि स्टेशनरी तथा विद्यालय पोशाक सहयोग गरिएको थियोभने बालबालिकाको उच्च शिक्षाको लागि प्रोत्साहन बापत रु. ३०००का दरले २०२ जना बालबालिकाहरुलाई सहयोग गरिएको थियो यसका साथै ४ जना हलियाका बालबालिकाहरुलाई उच्च शिक्षा सहयोग गर्न नगरपालिकासँग समन्वय गरिएकको थियो । जसमा स्थानिय तह सहमत भएका थिए । यसरी गरिएको सहयोगले बालबालिकालाई नियमित विद्यालय जान उत्प्रेरित गरेको छ भने अभिभावकको आर्थिक भार कम गरेको छ । सहयोग गरिएका बालबालिकाहरु पसिविनको सम्पर्कमा रहेका र नियमित विद्यालय गइरहेका छन् ।



कैलाली जिल्लामा  प्रारम्भिक बाल विकास केन्द्रलाई किट सहयोग

बाजुरा जिल्ला र कैलालीमा प्रारम्भिक बाल विकास केन्द्रको सिकाई प्रभावकारी बनाउन ७६ ओटा प्रारम्भिक बाल विकास केन्द्रलाई प्रारम्भिक बाल विकास किट सहयोग गरीएको थियो भने बाजुरा र कैलाली जिल्लाका ८ ओटा प्रारम्भिक बाल विकास केन्दमा कक्षाकोठा व्यवस्थान सामाग्री र सिकाई सामग्री हस्तान्तरण गरिएका थियो । यसरी गरिएको सहयोगले बालबलिकाहरुलाइ विद्यालयमा आकर्षण गर्न मद्यत पुगेको जसले गर्दा बालबालिकाको सिकाईमा रुचि बढाउन पनि यस्ता सामाग्रिहरुले मद्यत गरेको छ भने ४ ओटा बाल विकास केन्द्रमा हस्तात्नरण गरिएका बसाई व्यवस्थापन सामाग्रिहरु कार्पेट पि फर्म तथा टेवल र र्‍याकहरुको सहयोगले बाल विकास केन्द्रको बसाई व्यवस्थापन र कक्षाकोठा व्यवस्थापनमा पनि सहयोग पुगेको छ । २ ओटा विद्यालयलाई वसाइ व्यवस्थापनको लागि आवश्यक फर्निचर, डेस्क, बेन्च सहयोग गरिएको थियो ।



बालबालिकाहरु बालविकास सामाग्री तथा किट बक्स सहयोग पछि शिक्षिका पढाउदै, बालालिका रमाउदै पढदै बालालिका केन्द्र



काँडा मावि खप्तड छेडेदह १ बाजुरालाई डेस्क बेच्न हरतान्तरण

बालबालिकाको सिकाइलाइ प्रभावकारी बनाउन १२ ओटा विद्यालयलाई शिक्षण सिकाई सामाग्रीहरु हस्तान्तरण गरिएकको थियो भने बालबालिकाको पठन र बाचन सीप विकासको लागि १२ ओटै विद्यालयमा बुक कर्नर स्थापना गरिएको थियो भने कक्षाकोठालाई व्यवस्थित र आकर्षक बनाइ बालबालिकाको बसाई व्यवस्थापनमा सुधार गरिएको थियो । बालबालिकाको सिकाइलाइ प्रभावकारी बनाउन छापामय कक्षा निर्माणका लागि रु ५०००० सहयोग गरिएको थियो ।

| **२०२२ का केही शैक्षिक राम्रा प्रयासहरु** |
|---|

**घरमा अभिभावकहरु बालाबलिका प्रति जिम्मेबार बन्दै**

अभिभावक शिक्षा संचालन पछि अभिभावक आफै उत्प्रेरित भएर घरमा आफ्ना बालबालिकालाई समय



दिन थालेका छन् । आप्ना साना बालबालकाहरुलाई पढाउने, बालबालिकाहरुलाई दन्त्य कथा सुनाउने, बालबालिकाहरुबाट कथा तथा अन्य कुराहरु सिक्ने गरेका छन् । आफ्ना बालबालिकाहरु विद्यालय पछि घरमा पढाईलाई निरन्तरता दिन्छन् कि दिदैनन्, पढ्छन् कि पढ्दैनन्, उनीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु छन् कि छैनन् आदि विषयमा स्वयम् अभिभावकहरुले नै ख्याल गर्ने गरेका छन् । अभिभावकहरुले घरमा पढाई कुना निर्माण गरेर बालबालिकाको पढ्ने तालिका तयार गरी सहयोग गर्ने गरेका छन् । घरमा पनि अभिभावकहरुले पढाइकुनामा बालाबालिकाहरुका निम्तिलेटर चार्ट, अंक चार्ट, विषय चार्ट बनाई टाँसि दिएका छन भने बालालिकाहरुलाई किताब पढ्ने सामाग्रीहरु राख्नको निम्ति र्‍याक तयार गरी पढाई कुनालाई व्यवस्थित गरिदिएको छन् । अभिभावक शिक्षामा सहभागि भएका अभिभावकहरु मध्ये पठन सीप विकास र समग्र शैक्षिक विकासको लागि ६७ परीवारले आफ्नै लगानीमा घरमा पढाईकुना निर्माण गरेका छन् । घरमा पढाइकुना निर्माणले बालबालिकाहरुले घरमा पढाईकुनामा राखिएको कितावहरु पढ्ने गरेका छन् । हरेक घरमा पढाई स्थानको व्यवस्थापन र निर्माण पछि  बालबालिकाहरुले गृहकार्य पढाई कुना नजिक गएर गर्ने गरेका छन् । भने आफुले तयार गरेका सामग्रीहरु पढाइकुनामा राख्ने गरेका छन । जसले साना बालबालिकाहरुलाई ठुला बालबालिकाहरुले घरमै सिक्ने सिकाउने कार्यमा सहयोग गर्ने गरेका छन् ।

## कथा बाचन कार्यक्रमले बाचन र पठन सीप विकास



बुढीगंगा नगरपालिकाको १२ ओटा विद्यालयहरुले नियमित कथाबाचन कार्यक्रमहरु गर्ने र उत्कृष्ठलाई पुरस्कृत पनि गर्ने गरेके छन् । नियमित विद्यालयमा प्रत्येक हप्ताको एक दिन कथा वाचन वा कविता वाचन प्रतियोगिताले बालबालिकाको बाचन शैली विकास भएको देखिन्छ । कक्षा एक, दुई मा पढ्ने बालबालिकाहरु पनि सबैको अगााडी कथा भन्न र सबैलाई कथा सुनाउन  सक्षम भएका छन् । यसले एकातिर बाचनसीपको विकास भएको छ भने अर्को तिर कक्षाको कुनामा कथाका कितावहरु पढ्ने बानिको विकास भएको छ । कथा बाचन कार्यक्रमले गर्दा नै साना बालबालिकाहरुले घरमा पनि अभिभाकसँग अर्न्तक्रिया गर्ने गरेको र अभिभावकले पनि बालबालिकाहरुलाई दन्त्य कथाहरु सुनाउने गरेका छन भने सुनेका कथाहरु पनि बालबालिकाहरुले कक्षाकोठा तथा कथा वाचन प्रतियोगितामा सुनाउने गरेका छन । जसले बालबीलकाको सुनाइ र बाचन सीपमा सहयोग पुगेको छ। कथाहरु सुनाउदै किताब कुनामा भएका कथाहरु आफुले वाचन गरेर सुनादै कथाको सार प्रष्ट पारिन्छ। विद्यार्थीहरुमा रुचि जगाएर कथाका कितावहरु कक्षा कोठामा पढ्न लगाईन्छ । यसले गर्दा विद्यार्थीमा आत्म बलमा बृद्धि हुनका साथै उनिहरुमा बोलाई सीपको पनि विकास भएको छ।

## बाल संरक्षण संचेतना तथा बालबालिकाको क्षमता अभिबृद्धि

- बाल अधिकार तथा बाल संरक्षण बारे अभिमुखिकरण : ७५ जना
- साइबर क्राइम र कानुनी व्यवस्थाबारे अभिमुखिकरण : ३५ जना
- बाल विवाह विरुद्धको सडक नाटक मार्फत संचेतना : १५६६ जना
- बालबालिकाको घर भेटघाट तथा परामर्श सेवा : १४३२ जना
- लैगिंक हिंशा विरुद्ध रुपान्तरण कक्षा : १७२० बालबालिका
- बाल विवाह विरुद्ध रुपान्तरण कक्षा : २६०० जना



बाल समुहलाई बाल क्लव व्यवस्थापन तथा नेतृत्व विकास तालिम

बाजुरा जिल्लामा बाल अधिकार र बाल संरक्षण तथा बाल विवाह विरुद्ध ४६ जना बालिका र २९ जना बालकहरुलाई संचेतना मुलक अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो भने ३५ जनालाई साइबर क्राइम र कानुनी व्यवस्थाबारे अभिमुखिकरण पनि गरिएको थियो यसले गर्दा बालाबलिकाहरुले बाल बेवास्था तथा हिंशा र बाल विवाह विरुद्ध आवाज उठाउन थालेका छन् । बाल विवाह न्युनिकरणको लागि सडकनाटक बुढीगंगा नगरपालिकाको ३ वटास्थानहरुमा प्रदर्शन गरिएको थियो भने १० ठाउँमा १५६६ जनाको सहभागितामा बाल विवाह विरुद्ध समुदाय अर्न्तक्रिया कार्यक्रमहरु संञ्चालन गरिएका थिए । यसरी संञ्चलन गरिएका कार्यक्रममा सहभागी सबैले बाल विवाह विरुद्धको अभियानमा लाग्ने प्रतिबद्धता समेत जनाएका थिए । बालबालिकाको अवस्था बारे थाहा पाउन तथा सुझाव, सल्लााह प्रदान गर्न १४३२ जना बालबालिकाको घरभेटघाट गरी सुझाव सल्लाह प्रदान तथा पारिवारिक परामर्श सेवा प्रदान गरिएको थियो । बाजुरा, अछाम, बझाङ्ग, बैतडी र कैलाली जिल्लाका ४३ वटा विद्यालयका १७२० किशोर किशोरीहरुको सहभागितामा प्रत्येक शुक्रवार विद्यालय समय पश्चातसाथी शिक्षकहरुद्धारा १६ हप्तामा १६ सत्र छलफल तथा अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिएको थियो भने बझाङ्ग र बैतडी जिल्लाको १० वटा पालिकामा समुदायस्तरमा बाल विवाह विरुद्ध रुपान्तरण प्याकेजका सेसन मार्फत ८०० किशोर र १८०० किशोरी गरी जम्मा २६०० जनाको क्षमता विकास गराईएको थियो । जसमा सकारात्मक र समालोचनात्मक क्षमताको विकास, बाल विवाहका असर, प्रजनन् स्वास्थ्य अधिकार, लैगिंक समाबेशिकरण, तथा लिङ्गमा आधारित हिंसा तथा घरेलु हिंसा न्युनिकरण, लागुपदार्थ सेवन,दुर्व्यशनका असर जस्ता क्षेत्रमा क्षमता



बाल विवाह विरुद्ध सडक नाटक प्रर्दशन बाह्रविस बाजुरा




रुपान्तरण कक्षा संञ्चालन (सकारात्मक र समालोचनात्मक क्षमताको विकास, बाल विवाह र लैगिंक समाबेशिकरण)

विकास गराईएको थियो । सहभागी सबै किशोरकिशोरीके १७२० जना अभिभावकहरुलाइ रुपान्तरण कक्षाको बारेमा एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । बाल विवाह अन्त्य गर्न तथा अन्य सामाजिक सवालमा पैरवी गर्न र सचेतनाको स्तर वृद्दिगर्न बाजुरा अछाम, बझाङ्ग, बैतडी र कैलाली जिल्लाका रेडियोहरु मार्फत रेडियो जिङ्गल तथा साप्ताहिक कार्यक्रमहरु प्रसारण गरिएका थिए

**बाल संरक्षण संयन्त्रहरुको संस्थागत विकास**

- बाल हेल्पलाइनको निरन्तर संचालन तथा बाल हेल्पलाईन मार्फत सहयोग :१६ जना बालबालिका
- बाल समुह गठन तथा आवश्यक सामाग्री हस्तान्तरण : १९ वटा
- किशोरी समुह गठन तथा आवश्यक सामग्री हस्तान्तरण : १० वटा
- बाल विवाह विरुद्ध रुपान्तरण कक्षा :२६०० जना
- बाल समुह तथा किशोरी समुहका पदाधिकारीहरुलाई क्लव व्यवस्थापन तालिम :१७९ जना
- बाल विवाह विरुद्ध बाल समुहहरुको रणनीतिक कार्यशाला र कार्ययोजना निर्माण : ३ पटक
- बाल अधिकार समितिको बाल विवाह विरुद्ध रणनीतिक कार्यशाला र कार्ययोजना निर्माण :२ पटक
- बाल विबाह मुक्त टोल घोषणा : १ टोल



पीसविन मार्फत संञ्चालित बाल हेल्पलाइन सेवा १०९८ द्धारा लुगा तथा खाद्यान्न सहयोग



बुनपा ४ दुगडीबाडा बाल विबाह मुक्त टोल घोषणा कार्यक्रम

बाल हेल्पलाईन सेवा १०९८ को निरन्तर रुपमा संञ्चलान गरिएको थियो ।बाल हेल्पलाइनमा रजिष्टर भएका केशहरुमध्य १६ जना बालबालिकाहरुलाई बाल हेल्पलाईन मार्फत आवश्यक सहयोग गरिएको थियो । १९ वटा बाल समुह गठन तथा १० वटा किशोरी समुह गठन गरि आवश्यक व्यवस्थापन सामाग्री हस्तान्तरणका साथै १७९ जना बाल समुह र किशोरी समुहका पदाधिकारीहरुलाई क्लव व्यवस्थापन तालिम दिइएको थियो जसले गर्दा बाल क्लबहरुको सक्रिय भइ बाल विवाह विरुद्धका अभियानमा एक जुट भएको थिए । बाल संरक्षणको प्रत्याभूति गर्न तथा बाल विवाह न्युनिकरणको लागि बाल समुह तथा बाल संरक्षण

संयन्त्रकालागि ५ पटक कार्यशाला गोष्ठीहरु संचालन गरिएका थिए ।साथै बाल क्लवको कार्ययोजनाको फलोअप तथा समिक्षा बैठकहरु पनि सञ्चालन भएका थिए । पीसविनले प्रत्यक्ष सहयोग र बाल समुहको सक्रियता तथा बाल अधिकार समिति र वडाको निरन्तर प्रयासले बुढीगंगा नगरपलिका वडा नं. ४ को दुगडीबाडा टोललाई बाल विवाह मुक्त टोल पनि घोषणा गरिएको थियो ।

## २. महिला तथा युवा नेतृत्व (Women and Youth Leadership)

### नीतिगत सुधार नेतृत्व विकास र परिचालन

- श्रमिक महिला समुह गठन १० समुह
- किशोरी समुह गठन १० वटा
- श्रम अधिकार नीतिबारे क्षमता विकास २७० जना
- लैगिंक हिंसा निवारण कोष बारे अभिमुखिकरण १० पालिका ३१५ जना
- सामुदायिक अगुवाको यौन तथा प्रजनन स्वास्थ्यमा क्षमता विकास तालिम ३५ जना
- ३० जना युवाहरुलाई यौन प्रजनन् स्वास्थ्यका बारेमा अभिमूखिकरण
- लैगिंक हिंसा विरुद्ध सचेतनासँगै ५ जिल्लामा सन् २०२२ मा हिंसा दर्ता ७५ वटा अदालतबाट फैसला भएका ७ वटा



बडीमालिका नगरपालिकामा लैगिंक हिंसा निवारण कोष बारे अभिमुखिकरण



बाजुरा र अछाम जिल्लाका सामुदायिक अगुवाहरुको क्षमता अभिवृद्धि तालिम

यौन तथा प्रजनन स्वास्थ्यका बारेमा बाजुराका १५ जना र अछाम जिल्लाका २० जना गरी जम्मा ३५ जना सामुदायिक अगुवाहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको थियो । जसमध्ये ५ सामुदायिक अगुवाहरुले ५ जना साथीहरुको समुह बनाउँदै समुदायमा जनचेतनामूलक कार्यक्रम संचालन गरिरहेका छन् ।

बाजुरामा १० श्रमिक महिला समुह गठन गरी २७० जना श्रमिक महिलाहरुको संगठन निर्माण गरीश्रम अधिकार नीतिबारे अभिमुखिकरण गरीएको थियो । बाजुराको कोल्टि क्षेत्रको ७ वटा स्थानमा धामी, झाक्रीहरुलाई महिनाबारीसँग सम्बन्धित कुप्रथा विरुद्ध परिचालन गरिएको छ । जसमध्ये २२० जना सहभागिहरुलाई सचेत गरिएको थियो ।बाजुरा, बझाङ्ग, अछाम, बैतडी र कैलालीमा गरी १० वटा पालिकामा ३१५ जनाको सहभागितामा पालिका स्तरीय लैङ्गिक हिंसा निवारण कोषका बारेमा अभिमुखिकरण गरिएको थियो । यस कार्यक्रमबाट १० वटै पालिकामा लैङ्गिक हिंसा निवारण कोषका बारेमा अधिकारवाला र सरोकारलाहरुको पहलमा योजनागत पैरवी भएको छ । यसलाई पालिकाले पनि योजनागतरुपमा हिंसा प्रभावितलाई वितरण गर्ने उद्देश्यले नीति तयार गरी कार्यान्वयन गर्न राजपत्रमा प्रकाशनको तयारी गरिरहेका छन र हिंसा प्रभावितहरु सम्बन्धित न्यायिक निकायहरुको बारेमा जानकारी पाई हाल जिल्ला प्रहरी कार्यालय, ओसिएमसी, सेफहाउसको माध्यमद्धारा अदालतमा मुद्दा दायर गर्न सफल भएका छन । जसमा ५ जिल्लामा सन् २०२२ मा ७५ वटा हिंसाका घटनाहरु दर्ता भएका र ७ वटा घटनाहरु अदालतबाट फैसला भएका छन । गौमूल गाउँपालिका र बुढीगंगा नगरपालिका अर्न्तगतका महिला समुहहरु, किशोरी समुहहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक वैठक, क्षमता अभिवृद्धिका क्रियाकलापहरु र संचेतनामूलक कार्यक्रमहरु निरन्तर रुपमा संचालन भईरहेका छन् । जसले गर्दा महिलाहरुको सार्वजनिक तथा सामुहिक कार्यमा नेतृत्व विकास तथा सहभागिता भएको देखिन्छ । यस वर्ष करिव ३५५ जना महिला र ४८६ जना किशोरीहरुले विभिन्न संञ्जाल तथा समुहमा आवद्ध भई नेतृत्व विकासका विभिन्न कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गरेका छन् । समुदाय



अछाम र बाजुरा जिल्लाका निर्वाचित महिला जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धि तालिम



अछाम जिल्लाको मंगलसैन नगरपालिकामा साथी शिक्षकको क्षमता विकास १२ दिने रुपान्तरण तालिम २०२२

स्तरमा महिलाहरु महिला समुह, सहकारीहरु र सामुदायिक वन समुहहरु, उपभोक्ता समिति, विभिन्न समुहहरु र स्थानीय सरकारका विभिन्न निर्णायक पदहरुमा पुग्न सकेका छन् । जसले गर्दा महिलाहरुले आफ्ना कुराहरु समुदायमा र साथी समुहमा आदान, प्रदान गर्ने र महिलाहरुका समस्याहरु समाधानकालागि समयमै आवाज उठाउन सहज हुने भएको छ ।

बाजुरा र अछाम जिल्लाका ५ वटा स्थानीय तहका १०० जना महिला जनप्रतिनिधिहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य र नीति निर्माणमा महिला जनप्रतिनिधिहरुको भूमिकाका बारेमा क्षमता अभिवृद्दि तालिम संचालन गरिएको थियो । यौन तथा प्रजनन् स्वास्थ्यको पैरवीकालागि अछाम र बाजुराका ३० जना पुरुष तथा युवाहरुलाई क्षमता अभिवृद्धि तालिम संचालन पश्चात युवाहरुद्धारा समुदाय स्तरमा पैरवी तथा संचेतना अभिवृद्धिका क्रियाकलापहरु संचालन गर्न मद्दत पुगेको छ ।

## सचेतना अभिबृद्धि

- ❖ लैगिंक हिंसा विरुद्ध विवाहित जोडीसंवाद १० सत्रमा १,६१८ जना
- ❖ लैगिंक हिंसा विरुद्ध सचेतना तथा पैरवी ३२,५३१ जना


यौन तथा प्रजननका बारेमा किशोर, किशोरीहरुसंग अछाम जयगढमा छलफल

बाजुरा, अछाम, बझाङ्ग, बैतडी र कैलाली जिल्लाका ४६ वडामा ३५ दिनको अवधिमा १० वटा सत्रमा जम्मा १६१८ जना सहभागिहरु सहभागिता सुनिश्चित गदै पारिवारिक मेलमिलाप, बिश्वास, गोपनीयता, सद्भाव, समझदारी कायम गरी लैगिंक हिंसा न्युनिकरणमा अग्रसर गराउन लैङ्गिक हिंसा न्यूनिकरणका लागि विवाहित जोडी संवाद कार्यक्रम संञ्चालन गरिएको थियो । बाल विवाह अन्त्य तथा लैगिंक हिंशा न्युनिकरणका लागि पारिवारिक अर्न्तक्रिया, अभिमुखिकरण, सचेतना मुलक कार्यक्रम देउडा, सडकनाटक, वक्तित्वकला तथा सांस्कृतिक कार्यक्रमहरुका माध्यमले विभिन्न समुह, समिति र समुदायका ३२५३१ जना व्यक्तिहरुलाई सचेत गरी लैगिंक हिंसा न्युनिकरण विरुद्धको अभियानमा अग्रसर गराईएको थियो ।

## ३. जीविकोपार्जन (Livelihood)



३२ जना हलिया तथा खलियाहरुलाई व्यावसायिक योजना निर्माण तालिम दिइएको थियो । जस मध्ये २८ जनालाई बाखापालन र सिलाइकटाई व्यवसाय संचालनको लागि

सहयोग गरी व्यवासाय सुरुवातिमा सहयोग पुगाइएको थियो । बुढीनन्दा र हिमाली गाउँपालिकामा अर्न्तगतका वडा र टोलहरुमा पीठो पिस्नकालागि टाढा जानु पर्ने बाध्यता भएका कारण आघुनिक घट्ट निर्माणमा सहयोग गरिएको थियो । जसबाट दुईवटै पालिकाका गरी जम्मा ११२ घरधुरी लाभान्वित भएका छन् ।

सुधारिएको पानी घट्ट निर्माणले समयको बचत तथा बालाबालिका नियमित विद्यालय

पीठो पिस्न टाढा जानुपर्ने भएकाले बालबालिकाहरु नियमित विद्यालय जान केहि बाधा भएकोलेगाउँमा नै सानो पानिबाट घट्ट निर्माण कार्य सम्पन्न भएको छ । घट्ट निर्माण भइसकेपछि महिलाको कार्यवोझ घटेको छ । बालबालिकाहरु विद्यालयमा समयमा नै जाने गरेका छन् । महिलाहरुको समयको वचत भएको छ । गाउमा नै घट्ट निमार्ण भएपछि सवै गाउँलेहरु खुशि भएका छन् । यसबाट ११२ घरधुरी लाभान्वित भएका छन् ।

## ४. स्वास्थ्य,पोषण र सरसफाई (Health, Nutrition and Hygine)

### क्षमता विकास र सचेतना

स्वास्थ्य अधिकार सुधार परियोजनाका कार्यक्षेत्रका ४० वटै विद्यालयका १०,०००।- भन्दावढि किशोर, किशोरीहरु र १६ वटा स्वास्थ्य चौकीका ३२ जना स्वास्थ्यकर्मीतथा १६१ जना स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य आमा समुह,विद्यालस्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति लाई महिनावारी स्वच्छता व्यवस्थापन शिक्षा प्रदान गरिएको थियो । त्यसैगरि ३५० भन्दा बढी धामिझाँक्रि परिचालन मार्फत समुदायस्तरका महिला र पुरुषमा महिनावारीवारे सकारात्मक धारणा वनाउन महिनावारी स्वच्छता शिक्षा अभियान सन्चालन गरिएको थियो । कार्यक्षेत्रका किशोरीहरुमध्ये७१ प्रतिशत किशोरीहरुले महिनावारी स्वच्छता व्यवस्थापन शिक्षा प्राप्त गरेका थिए ।

विशेषगरी रेडसाइकल महिनावारी स्वच्छतामैत्री व्रेसलेट तयार, पुनः प्रयोग गर्न सकिने कपडाको घरेलु प्याड निर्माण सम्वन्धि सीप उक्त सेसन मार्फत प्राप्त गरेका थिए । मर्यादित महिनावारीमैत्री विद्यालय र स्वास्थ्य संस्था वनाउन महिनावारी स्वच्छता सामग्री ४० विद्यालय र १६ वटै स्वास्थ्य संस्थामा सहयोग गरिएको छ । वितरित सामग्रीहरुमा डस्टविन,ऐना,दुखाइ कम गर्ने औषधी,प्यान्टी,सावुन,स्यानेटरी प्याड, हट वाटर व्याग आदि रहेका छन्। कार्यक्षेत्रका सवै ६५४२ जना किशोरीहरुलाई यो वर्षपनि हट वाटर व्याग,लिकेज प्रुफ म्याटेस सहित,महिनावारी स्वच्छता व्यवस्थापनमैत्री किट उपलव्ध गराइएको छ। यसवाट किशोरीहरु महिनावारी हुंदा घरमै स्वच्छता व्यवस्थापन गर्न सजिलो भएको छ भने अर्कोतिर व्यवहार परिवर्तनमा सहयोग पुगेको छ ।



महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता अभिवृद्धि कार्यक्रम

प्रजनन स्वास्थ्य अधिकार बारे ७५ जना किशोरीहरुलाई अभिमुखिकरणका साथै १२४ जना किशोरी र १० जना किशोरहरुलाइ महिनावारी प्याडको सहि प्रयोगबारे अभिमुखिकरणका माध्यमले क्षमता विकास गरिएको थियो । यौन तथा प्रजनन स्वास्थ्य अधिकार र सुरक्षित गर्भपतन सेवाको बारेमा बाजुरा र अछाम जिल्लाका ६ वटा रेडियो स्टेशनबाट रेडियो सन्देशहरु प्रशारण गरिएका थिए । जसबाट २ लाख ४५ हजार जनसंख्याले यस बारेमा जानकारी पाएको अपेक्षा गरिएको थियो । सुरक्षित गर्भपतनको अवस्था र अवधारणा बारेमा थाहा पाउन बाजुरा र अछाम जिल्लामा  समुदायका महिलाहरुमा गरिएको सर्वेक्षण अनुसार  सासु, ससुरा र श्रीमानको पहिलेको व्यवहार र अहिलेको व्यवहारमा परिवर्तन आएको देखिएको छ ।  यौन प्रजनन् स्वास्थ्य र सुरक्षित गर्भपतनका विषयमा पैरवी गर्न अछाम र बाजुरा जिल्ला स्थित अर्न्तपार्टी महिला संजाल, नागरीक समाज, पत्रकार र राजनैतिक दलहरुसंग पनि सहकार्य गरी पैरवीका अभियानहरु संचालन गरिएका छन् ।



सामाजिक अभियान्तालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि तालिम

## नीतिगत सुधार सहजिकरण र सहयोग

संचालन गरेको छ  भने अछामका ३ वटा गाउँ पालिकामा स्वास्थ्य नीतिको मस्यौदा तयार गर्नमा आवश्यक सहजिकरण गरिएको थियो । जुन पालिकाको गाउँसभामा पेश गर्ने प्रक्रियामा रहेका छन । निरन्तर स्थानिय तह सँगको समन्वय र छलफल पछि सुरक्षित गर्भपतन सेवा सवलीकरण परियोजना संचालन गरिएको बाजुरा र अछाम जिल्लाका सबै पालिकाले २०७९ को आफ्नो नीति र योजनामा सुरक्षित गर्भपतनका मुद्दाहरुलाई सम्वोधन गरेका छन भने अछाम र बाजुरा गरि ५ वटा पालिकाले रकम विनियोजनका लागि निवेदन दिएर पालिकाबाट रकम विनियोजन गरी समुदायमा कार्यक्रम



थुमा माध्यमिक विद्यालयका किशोरीहरुलाई सेनेटरी प्याड वितरण

संचालन गर्न सक्षम भएका छन । बाजुरा र अछामका दुईवटा पालिकाका ६ वटा स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवाको सुचारुमा सहयोग गरिएको थियो ।

सामान्य स्वास्थ्य चेकजाँचको व्यवहरलाई स्थापित गर्न १५४३ जना बालबालिकाको साधारण स्वास्थ्य चेकजाच गरी स्वास्थ्य अवस्थाबारे थाहा पाउने र सामान्य स्वास्थ्य अवस्थाको लागि स्वास्थ्य समस्या भएका बालबालिकाहरुको उपचार पनि गरिएको थियो । महिला तथा किशोरीहरुको महिनावारी स्वच्छता व्यवस्थापनमा सहयोग गर्न ४० ओटा विद्यालय र १६ वटास्वास्थ्य चौकीलाई पर्याप्त प्याड, बार्लटिन, डस्टविन लगायतका महिनावारी स्वच्छता व्यवस्थापन सामाग्री सहयोग गरिएको थियो । १६१ जना महिला स्वयम्सेविका र ६५४२ जना किशोरी तथा महिलाहरुलाई महिनावारी स्वच्छता व्यवस्थापन किट सहयोग गरिएको थियो ।



विद्यालयमा बालबालिकाहरु स्वास्थ्य चेकजाच गराउदै

## ५.सुशासन मानव अधिकार र लोकतन्त्र (Good Governance, Human Rights and & Democracy)

### क्षमता विकास

बाजुरा जिल्लाको स्वामिकार्तिक , हिमाली,जगन्नाथ गाउँपालिका र बुढिनन्दा नगरपालिकामा हलिया संजालको नेतृत्व क्षमता बिकास तालिममार्फत संञ्जालमा सहभागी ११९ जनालाई(महिला ३२ र पुरुष ८७ जनालाई क्षमता विकास तालिम प्रदान गरिएको थियो ।

बाजुरा, अछाम, बझाङ्ग, बैतडी र कैलालीगरी ५ जिल्लामा नारी दिवस, १६ दिने महिला हिंसा विरुद्धको अभियान, बाल दिवस,किशोरी दिवस जस्ता विभिन्न दिवस मनाउन सहयोग गरिएको थियो भने दिवसकै अवसरमा देउडा, बक्तृत्वकला, सडकनाटक ,कविता प्रतियोगिता, -याली,जुलुस जस्ता कार्यक्रमहरुद्धारा



स्थानीय सरकारले महिला स्वास्थ्यको क्षेत्रमा गरेको कामहरुको उपलब्धताका बारेमा सार्वजनिक सुनुवाई कार्यक्रम, बुढीगंगा नगरपालिका

मानव अधिकारको पक्षमा वकालतका लागि जनचेतनामूलक कार्यक्रमहरु पनि संचालन गरिएका थिए । समुदायमा मानव अधिकार,महिला अधिकार,बाल अधिकारका साथ लैङ्गिक र जातिय विभेद गरिनुहुँदैन भन्ने चेतना जागेको पाईन्छ ।पालिका स्तरमा महिला तथा अन्य पछाडी पारिएका वर्गहरुको क्षेत्रमा बजेट विनियोजन गर्न समुदायमा संचेतनामूलक कार्यक्रमहरु संचालन गरि महिला, किशोरी र पछाडी पारिएका वर्ग तथा जातजातिहरुलाई समेट्नकालागि विभिन्न अभियान तथा अर्न्तक्रिया कार्यक्रमहरु संचालन भएका छन् । यसका साथै बुढीगंगा र गौमुल गाउँपालिकामा सेवा प्रवाहको प्रभावकारीताकालागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लेखा परिक्षण आदी जस्ता कार्यक्रमहरु पनि यस वर्ष संचालन गरिएका छन् । स्थानीय शासनको जवाफदेहिता र प्रभावकारिताका विषयमा छलफल गर्न २२४ जना महिला, २४५ जना पुरुषको सहभागितामा समुदाय स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएका छन् ।



सामाजिक सवालमा पैरवी तथा लैगिंक हिंसा विरुद्ध र्‍याली

**योजना निर्माण र नीतिगत सहयोग**

बाजुरा जिल्लाको कोल्टी क्षेत्रमा रहेको कृर्षिमा आधारित बधुवा श्रमको अन्त्यको ३० वटा समुहको क्षमता विकास तथा पैरवी योजना बनाउनको लागिसहयोग गरिएको थियो । जसमा ९९९ पुरुष र १०८० महिलाको सहभागिता रहेको थियो । सबै समुहले पैरवी योजना निर्माण गरेका थिए । हलियाहरुको अर्थपुर्ण सहभागिता विषयक सार्वजनिक सुनुवाई पनि सम्पन्न भएको थियो । जिल्ला स्तरिय हलिया कार्यशालाबाट हलिया अन्त्यको लागि सराकार र सरोकारवालाहरुको ध्यानाकर्षण गराईएको थियो । २ जना हलियाहरुको विवाह दर्ता गराउन सहयोग गरी विवाह दर्ता गर्न सहयोग गरिएको थियो ।

## ६. सामुदायिक पहुँच तथा भौतिक पुर्वाधार विकास

- ➢ महिनावारी स्वच्छतामैत्री शौचालय निर्माण : ६ ओटा
- ➢ महिनावारी स्वच्छता व्यवस्थापनका थप सुविधासहितका शौचालय मर्मत : ५ ओटा
- ➢ बालमैत्री खानेपानि निर्माण : ३ ओटा



महिनावारी स्वच्छतामैत्री सौचालय निर्माण त्रिभुवनेस्वरी मावि

- ➢ झोलुङ्गे पुल निर्माण सम्पन्न : ११ पुल
- ➢ नयाँ झोलुङ्गे पुल निर्माण कार्य प्रारम्भ : १७ वटा पुलहरु

विद्यालयमा किशोरीहरुको महिनावारीलाई मर्यादित र व्यवस्थित गर्न र सेवा र सुविधाहरुमा थप गर्दै स्वास्थ्य अधिकारमा सुधार गर्ने उद्देश्यका साथ बाजुरा जिल्लाको दशरथ मावि, मश्टेस्वरी मावि, पार्वती मावि, सारदा मावि र त्रिशक्ति माविको शौचालय मर्मत गरिएका छन भने शौचालय मर्मतसँगै शौचालयसँग जोडिएर स्यानेटरी प्याड जलाउने प्रविधि सहितको इन्सिनेटर समेत जडानपनि गरिएको छन । महिनावारी स्वच्छताका आधारभुत सुविधाहरु उक्त सौचालयहरुमा थप गरिएका छन । साथै मश्टेश्वरी मावि, मानाकोट मावि, त्रिभुवनेश्वरी मावि, मालिका मावि, त्रिशक्ति र सिगाडा माविमा नयाँ महिनावारी स्वच्छता व्यवस्थापन मैत्री अत्याधुनिक सौचालय निर्माण गरिएको छन । पार्बती मावि, मानाकोट मावि र अम्लीस माविमा बालमैत्री सुविधा सहितका खानेपानी निर्माण सहयोग गरिएको छन । कार्यक्षेत्रका यी विद्यालयमा नयाँ शौचालय निर्माण, पुराना सौचालय मर्मत र खानेपानी आपूर्तिमा सहयोग पछिविद्यार्थीहरुको ` पठनपाठनमा सजिलो हुनुको साथै किशोरीहरुको महिनावारी स्वच्छता व्यवस्थापनमा ठुलो सहयोग पुगेको छ । स्वास्थ्य अधिकार सुधार परियोजनाले नै जिल्लामै पहिलोपटक २२ वटा महिनावारी स्वच्छतामैत्री सौचालय निर्माण गरेको छ । पीसविनको प्राविधिक सहयोगमा बाजुरा जिल्लामा झोलुङ्गे पुलहरु निर्माण कार्यहरु पनि तिब्र गतिमा अगाडी बढेका थिए । सम्भावित दुर्घटनाबाट बच्नका साथै नदिहरुमा दैनिक आवतजावत गर्न सहजता र जीवन स्तरमा सुधार गर्नकालागि भरपर्दो यातायातको सुरक्षित साधनका रुपमा ११ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न तथा १७ पुल निर्माण कार्यको थालनि भएको थियो । यसले दैनिक आवत जावतमा सहजता भएको छ भने जोखिम न्युन गर्न मद्यत पुगेको छ।

**२०२२ मा बाजुरा जिल्लामा निर्माण सम्पन्न र निर्माणधिन रहेका पुलहरु**



बाजुरा जिल्लाको दवारीमा निर्माण भईरहेका झोलुङ्गे पुल निर्माण सम्पन्न पछि झोलुङ्गे पुलमा यात्रिहरु आवतजावत गदै

| क्र.सं | २०२२ मा नयाँ निर्माण कार्य प्रारम्भ गरिएका झोलुङ्गे पुलहरु र स्थानको विवरण | | २०२२ मा निर्माण कार्य सम्पन्न भएको झोलुङ्गे पुलहरु | |
|---|---|---|---|---|
| १ | सुपखोला झो.पुल | हिमाली गाउँपालिका ०५ | नराली कासेगाड पुल | त्रिवेणी नगरपालिका ०२ |
| २ | रुडिगाड झो.पूल | स्वामिकार्तिक खापर गापा ०२ | भेरीकिला झो.पुल | बुढिगंगा नपा ०२,०३,०५ |
| ३ | छिम्दुखोला झो.पुल | हिमाली गाउँपालिका ०५ | मैरेगडा झो.पुल | बुढिगंगा नगरपालिका ०९ |
| ४ | घट्टेगाड सिमपानी झो. पूल | हिमाली गाउँपालिका ०३ | चाम्रेबगर झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०६ |
| ५ | पुनिया झो.पुल | बुढिनन्दा नगरपालिका ०५ | सिमपाटा झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०५ |
| ६ | भुकाखोला चिसापानी झो.पुल | जगन्नाथ गाउँपालिका ०५ | दवारी झो.पुल | बडीमालिका नगरपालिका ०४ |
| ७ | खारगाड झो.पुल | बडीमालिका नपा ०३,०९ | थुवाकाँध झो.पुल | बडीमालिका नपा ०१र ०९ |
| ८ | सिममाडिखोला ट्रस पुल | गौमूल गाउँपालिका ०२ र ०१ | अजयटोट्की झो.पुल | गौमुल गाउँपालिका ०२ |
| ९ | गागा्र झो.पुल | गौमूल गाउँपालिका ०१ | छुदरी झो.पुल | स्वामिकार्तिक खापर गापा ०२ |
| १० | आगर ट्रस पुल | गौमूल गाउँपालिका ०२ | दुमाली झो.पुल | जगन्नाथ गाउँपालिका ०२ |
| ११ | तारेदह झो.पुल | खप्तड छेडेदह गापा ०१,०२ | घटेपासा ट्रस | स्वामिकार्तिक खापर |
| १२ | ठेकेबन झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०४ | | |
| १३ | तुरिधारा झो.पुल | बुढिगंगा नगरपालिका ०२ | | |
| १४ | चुनेखोला झो.पुल | बुढिगंगा नगरपालिका ०२ | | |
| १५ | गुदुगाड झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०४ | | |
| १६ | चिप्लेखोला झो.पुल | त्रिवेणी नगरपालिका ०१ | | |
| १७ | निलाखाली ट्रस पुल | त्रिवेणी नगरपालिका ०९ | | |



## ७. जलवायु अनुकुलन र वातावरण व्यवस्थापन (Climate Adaptation and Environment Management)

बाजुरा जिल्लाका ९ वटै स्थानीय तहमा प्रकोप व्यबस्थापन र बिपद् न्यूनिकरणकालागि समुदायमा संचेतना अभिवृद्दिका क्रियाकलापहरु संचालन गरिएका थिए । पीसविनले संचालन गरेका विभिन्न

परियोजनाहरु अन्तर्गत जलवायु अनुकुलन र वातावरण व्यवस्थापनका विषयमा छलफल गरी जलबायु अनुकलनमा सकारात्मक प्रभाव पार्न समुदायले खेल्नुपर्ने भुमिकाका बारेमा छलफल गरिएको थियो । यस वर्ष पीसविनले बाजुरा जिल्ला र जिल्ला भन्दा बाहिरका कार्यक्षेत्रमा २४,९३० जना महिला, बालबालिका, युवाहरु र स्थानीय तहका पनप्रतिनिधिहरुसंग विभिन्न कार्यक्रमहरु मार्फत जलवायु अनुकुलन र वातावरण व्यवस्थापनका विषयमा संचेतना अभिवृद्दि गरेको छ ।

## ८. संस्थागत सुदृढीकरण (Institutional Strengthening)

जिल्ला हलिया मुक्त संञ्जालको जिल्ला कार्यालय बुढीनन्दा नगरपालिकामा रहेको कार्यालय व्यवस्थापनकालागि सहयोग गरिएको थियो । सामुदायिक विकास समिति र परियोजना व्यवस्थापन समितिको बैठक नियमित रुपमा बसेको थियो भने सामुदायिक विकास समिति र परियोजना व्यवस्थापन समितिका पदाधिकारीहरु गरी जम्मा १८ जना बालबालिकाहरुको नेतृत्व विकास तालिम प्रदान गरिएको थियो ।बाजुरा,अछाम,बझाङ्ग,बैतडी र कैलाली गरी ५ जिल्लामा रहेका ४३ वटा सामुदायिक विद्यालयका ८६ जना फोकल शिक्षकहरुलाई ८ दिने र ८६ जना साथी शिक्षकहरुलाई १२ दिने रुपान्तरण प्याकेज तालिम प्रदान गरीउनिहरुको क्षमता विकासकालागिकिशोरी र किशोरलाई रुपान्तरण सेसन संचालन गर्न पीसविन र भिएसओद्धारा तालिमको आयोजना गरिएको थियो । जसमा महिला ४३ जना र पुरुष ४३ गरी जम्मा ८६ जनाको सहभागिता रहेको थियो ।पीसविनको आन्तरिक संस्थागत सुदृढिकरण तथा क्षमता विकासमा पनि यो बर्ष महत्वपुर्ण कार्यहरु भएका छन् । संस्थागत क्षमता अभिवृद्दि, सुशासन, सामान्य परामर्श, सेफ गार्डिङ्ग जस्ता तालिमहरुमा पीसविनका १८ जना कर्मचारीहरु र द्ध जना कार्यसमितिका सदस्यहरु सहभागि भई क्षमता अभिबृद्धि गर्ने अवसर पाएका थिए ।पीसविनका २८ जना कर्मचारीहरु ( सामुदायिक स्वयंसेवक र सुपरभाईजर)को सक्रिय सहभागितामा सन् २०२२ को परियोजनागत क्षेत्रिय स्तरको ३ दिने क्षमता विकास पुनरावलोकन वैठक संचालन गरिएको थियो ।पीसविनका साझेदारहरु संस्था, स्थनीय तह, वडा कार्यालय,सिएमसी,ओसिएमसी र सेफ हाउसको संयुक्त पहलमा मासिक रत्रैमासिकरुपमा प्रत्यक्ष र भर्चुअल माद्यामबाट वैठकहरु संचालन गरिएका थिए । जसले कार्यक्रमलाई योजनाबद्धरुपमा अगाडी बढाई लगानी अनुसारको उपलव्धी प्राप्त गर्नका लागि सहयोग गरेको छ ।



सामुदायिक स्वयम्सेवक तथा कर्मचारीहरुको क्षमता विकास पछिको


## ९.अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)


पीसविन केन्द्रीय कार्यसमिति, सम्पुर्ण परियोजना प्रमुखरसुपरभाइजरहरु मार्फत परियोजनाहरुको निरन्तर अनुगमन गरिएको थि। पीसविन कार्यसमितिका सदस्यहरुद्धारा` अनुगमन पनि निरन्तर रुपमा भएको थियो । संचालित सम्पुर्ण परियोजनाहरुको बाह्य तथा संयुक्त अनुगमन पनि भएका थिए । परियोजनाहरुको कर्मचारी मासिक बैठक, अर्धबार्षिक तथा बार्षिक समिक्षाबैठक पनि सम्पन्न भएका थिए । पीसविनका प्रशासन तथा वित्त कर्मचारीहरुबाटपनि मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा संयुक्त अनुगमन गरिएको थियो । पीसविका विभिन्न परियोजनाहरुको आन्तरिक लेखापरिक्षण, संस्थाको बार्षिक लेखापरिक्षण तथासामाजिक लेखाजोखा पनि तोकिएको समयमा सम्पन्न भएका थिए । पालिकास्तरका परियोजना सल्लाहकार समितिको वैठक पनि सम्पन्न भएका छन् । परियोजनालाई कार्यक्षेत्रका स्थानीय सरकारवाट अनुमोदन गराई संञ्चालनमा ल्याईएको थियो स्थानीय सल्लाहकार समिति र स्थानीय तहको तर्फबाट अनुगमन गरि थप सुधारका लागि दिएका सुझावहरुलाई कार्ययोजना बनाई कार्यान्वयन समेत गरिएको थियो पीसविनको हटलाईन र टोल फी नम्वरमा आएका गुनासोहरु र सुझावहरुलाई अनुसरण गर्दै सुधारकालागि कार्ययोजना सहित निर्माण गरिएका थिए । मिलमा आएका सुझाव तथा गुनासोहरुलाई व्यवस्थापन गर्नका पीसविन अर्न्तगत गुनासो सुनुवाई समितिमा छलफल गरी उचित समयमै समानधान गरिएका थिए । साझेदार संस्थाहरुको जिल्ला, क्षेत्र तथा केन्द्रिय टोलीबाट कार्यक्रम तथा आर्थिक प्रगतिको अनुगमन गरियो । आन्तरिक तथा बाह्य अडिटरबाट आर्थिक कारोवारोको अडिट गरि प्राप्त सुझावका आधारमा कार्ययोजनाको निर्माण सहित कार्यान्वयन भएको छ ।



अछाम जिल्लामा संयुक्त अनुगमनको समिक्षा

## सन् २०२२ को आम्दानी खर्च विवरण



## सरोकारवालका भनाईहरु

**पीसविन प्रति सरोकारवालाको धारणा**

बालविवाह र लैगिंक हिंशा न्युनिकरणमा पीसविन ले गर्नुभएको योगदानको लागि धन्यवाद साथै निरन्तरताको पनि अपेक्षा गरीन्छ । **कृष्ण बहादुर खाती अभिभावक बुढिगंगा नगरपालिका वडा नं ४**

“पीसविन ले संचालन गर्ने सम्पुर्ण क्रियाकलापहरु चुस्त दुरुस्त र पारदर्शी रहेको र आगामीदिनहरुमा पनि पीसविनले ल्याउने कार्यक्रमहरुमा सम्बन्धित क्षेत्रको बस्तुस्थिति, भुगोल र आवश्यकतालाई मध्येनजर गरी कार्यक्रमहरु ल्याउदा राम्रो हुन्छ ।” **गौमुल गा.पा. कार्यबाहक अध्यक्ष कलक सिंह**

“ पीसविन एक स्थापित संस्था हो । जुन देशका अधिकांश ठाउँहरुमाकाम गर्न सफल भएको छ । यसले मानव स्रोत विकास र सामाजिक क्षेत्रमा ठुलो योगदान दिएको छ । शिक्षा, स्वास्थ्य निमार्णको क्षेत्रमा गरेको योगदानको उच्च सम्मान छ । यसलाई निरन्तर गर्न आवश्यक छ ” **बुढीगंगा नगरपालिका नगर प्रमुख राम बहादुर बानियाँ**

“पीसविनलेबाजुरा जिल्ला लगायत अन्य विभिन्न जिल्लाहरुको समग्र विकासमा महत्वपुर्ण भमिका खलेको हुँदा पीसविनलाई हार्दिक आभार व्यक्त गर्नचाहन्छु, साथै आगामीदिनहरुमा पनि पीसविनले विभिन्न साझेदार संस्थाहरुसंग समन्वय गरिबाजुराको विकासमा थप योगदान गर्नेछ भन्ने मेरो अपेक्षाका साथै शुभकामना छ।” **देवेन्द्र रोकाया गौमुल गाउँपालिका** वाडानं. १ वडाध्यक्ष

“पीसविनले सवै अधिकारवालाहरुको सहयात्री भईबालबालिका, महिला र युवाहरुको नेतृत्व सीप विकासमा महत्वपूर्ण योगदान रहेकोले पीसविनलाई धन्यवाद । ” **सन्तोष वि.क.( यवा संजाल बाजरा**)

“बाजुरा जिल्लाजस्तो दुर्गम जिल्लामा रेडियो बाजुरा संचालन गरेर सञ्चारको क्षेत्रमा योगदान दिएको र अझै दुर्गम क्षेत्रमा जनचेतनामूलक कार्यक्रम संचालन गरी जनचेतना अभिवृद्दि गर्ने कार्य अझै गरियोस भन्ने मनोकामना छ ।” **छक्क वहादुर मल्ल (जिल्ला पत्रकार महासंघ अध्यक्ष, बाजुरा**)

“पीसविनले सवै अधिकारवालाहरुलाई बाटो देखाउने कार्य गरेको छ । पीसविन समुदायको असल साथी हो । त्यसैले पीसविनलाई समुदायले सहयात्री मानेको छ । पीसविनले चालेका यी अभियानहरु निरन्तर चलिरहुन्, पीसविनलाई हार्दिक शुभकामना । ” **मोहन जैशी ( गैसस महासंघ बाजुरा उपाध्यक्ष**)